कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**रेडक्रसग्राम, चितवन**

## म्याचिङ फण्डबाट नगरपालिका र लाभग्राही समुदाय वा उपभोक्ताहरुसँगको लागत साझेदारीमा आयोजना सञ्चालन गर्न प्रस्ताव आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०७/०५)

यस नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार म्याचिङ फण्डबाट लाभग्राही समुदायक वा उपभोक्ताहरुसँगको लागत साझेदारीमा तपशिलमा उल्लेख भए बमोजिम आयोजनाहरु सञ्चालन गर्न कालिका नगरपालिकाको म्याचिङ फण्ड परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ५ को उपदफा (१) को खण्ड (ङ) बमोजिम प्रस्ताव आव्हान गरिएको छ। मिति २०७६/०७/२० गते भित्र अनुसूची १ बमोजिमको ढाँचामा कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न लाभग्राही समुदाय वा उपभोक्ता समूहहरुलाई सूचित गरिन्छ । रीत नपुगी वा तोकिएको सिमा भित्र प्रस्ताव दर्ताहुन नआएमा त्यस्तो प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिलः**

**आयोजना सञ्चालन हुने क्षेत्र/ प्रकृतिः** सडक कालोपत्रे आयोजनाहरु

**आयोजनाको छनौटका आधारहरुः**

क) आयोजना सञ्चालनको लागि लाभग्राही समुदाय वा उपभोक्ताले सबै भन्दा बढी अंश (प्रतिशत) लागत व्यहोर्ने मध्येबाट योजना छनौट गरिनेछ ।

ख) आयोजना छनौट भइ सम्झौता गर्नु अघि लाभग्राही समुदाय वा उपभोक्ताले व्यहोर्न कबोल गरेको रकम तोकिएको समयमा जम्मा नगरेमा सो आयोजना रद्द गरी लगतै अर्को बढी अंश (प्रतिशत) लागत व्यहोर्ने मध्येबाट योजना छनौट गरिनेछ ।

ग) लाभग्राही समुदायको प्रत्येक्ष अनुगमनमा रहने गरी आयोजनाको सञ्चालन राष्ट्रिय स्तरको बोलपत्र मार्फत गरिनेछ।

घ) आयोजनाको कूल लागत न्यूनतम २० लाख देखि अधिकतम १ करोडसम्मको हुनुपर्नेछ ।

ङ) चालू आर्थिक बर्ष भित्र सम्पन्न हुने आयोजनाहरुलाई प्राथमिकता दिईनेछ।

च) सिमाना तथा जग्गा विवाद नरहेको ।

छ) सम्बन्धित वडा कार्यालयबाट सिफारिश भएको हुनुपर्नेछ ।

**आयोजना छनौट नहुनेः** देहायका प्रकृतिका योजना तथा कार्यक्रमका लागि म्याचिङ फण्ड परिचालन गरिनेछैनः

(क) राजनीतिक दल विशेषका उद्देश्य परिपूर्ती हुने प्रकृतिका योजना तथा कार्यक्रम

(ख) तलब, भत्ता, मसलन्द लगायत साधारण खर्च तथा ऋण भुक्तानीका योजना तथा कार्यक्रमहरु

(ग) सिमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रमहरु

(घ) राष्ट्रिय एकता, धार्मिक, साँस्कृतिक तथा सामाजिक सद्भाव खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम

(ङ) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालका योजना तथा कार्यक्रम

(च) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रममा दोहोरो पर्नेगरी माग भएका योजना तथा कार्यक्रम

(छ) आयोजना कार्यान्वयनका लागि दिइने मुआब्जा वा क्षतिपूर्ती व्यहोर्ने कार्य

आयोजना माग गर्ने प्रस्तावको ढाँचा नगर कार्यपालिकाको कार्यालयबाट वा नगरपालिकाको वेभसाइट http://www.kalikamunchitwan.gov.np/ बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

(दफा ५ को उदफा (१) को खण्ड (ङ) को उपखण्ड (२) सँग सम्बन्धित)

<u>म्याचिङ फण्डबाट सञ्चालन हुने योजना/ कार्यक्रमको प्रस्ताव</u>

योजना वा कार्यक्रमको नामः

योजना वा कार्यक्रम कार्यान्वयन हुने स्थानः

योजना वा कार्यक्रममा गरिने प्रमुख कार्यहरुः

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

योजना वा कार्यक्रम सम्पन्न हुन लाग्ने समयः

लाभान्वित हुने संभाव्य जनसंख्याः

योजना वा कार्यक्रमको कूल लागत रु.:

लाभग्राही वा अन्य निजी तथा गैर सरकारी क्षेत्रको लागत अनुपात (प्रतिशत):

नगरपालिकाले व्यहोर्ने रकम र प्रतिशतः

समितिको अध्यक्षको नाम र हस्ताक्षरः

मितिः

संलग्न कागजातहरुः

१. उपभोक्ताहरुको भेलाबाट समिति गठन भएको र लागत प्रतिशत व्यहोर्ने प्रतिवद्धता भएको निर्णयको प्रतिलिपि

२. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपिहरु

३. लागत साझेदारीमा उपभोक्ताका अतिरिक्त अन्य निजी तथा गैर सरकारी संस्थाको लगानी रहने भए त्यस्तो संस्था र उपभोक्ता समितिबीच भएको लिखित सम्झौता

४. लागत अनुमान वा विस्तृत परियोजना प्रतिवेदन